

के तपाईंको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस् !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्याको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रहिजत पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क १२७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ जेठ ७ गते सोमबार ❑ 20 May 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## सहमतिका साथ अघि बढ्न उपप्रधानमन्त्री लामिछानेको आह्वान

**रासस**
काठमाडौं, ६ जेठ

उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेले आरोप-प्रत्यारोपको शृङ्खला अन्त्य गरेर सहमतिका साथ अघि बढ्न आह्वान गर्नुभएको छ।

प्रतिनिधिसभाको आइतबारको बैठकमा आफ्ना भनाइ राख्नेक्रममा उहाँले सदनलाई मर्यादित रूपमा अगाडि बढाउन सबै दलहरू जिम्मेवार बन्नुपर्ने बताउनुभयो । "सदनलाई मर्यादित रूपमा अगाडि बढाऔँ । सदनमा झडपको अवस्था सिर्जना हुनु राम्रो होइन, देशलाई आशा र भरोसा जगाउन सबै जिम्मेवार बनौँ । हूलहुज्जत र बल मिचाइले सदन चन्दैन", उहाँले भन्नुभयो । सहकारी संस्थाहरूको रकम अपचलन भएको विषयमा संसदीय छानबिन समिति गठन गर्दा व्यक्तिविशेषलाई केन्द्रित नगरी समग्र समस्या हल गर्नेगरी गरिनुपर्ने उहाँको भनाइ छ। प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले उपप्रधानमन्त्री लामिछानेलाई विभिन्न सहकारी संस्थाको रकम अपचलन गरेको आरोप लगाउँदै आएकामा लामिछानेले भने त्यसको प्रतिवाद गर्नुभयो । "सहकारीका विषयमा अदालतमा मुद्दा छैन,



कसैको बयानले मलाई पोलेको छैन", उहाँले भन्नुभयो, "कुनै पनि ज्ञापनपत्रमा मेरो बारेमा उल्लेख गरेको छैन । मेराबारे सहकारीका सम्बन्धमा धेरै समाचार आए । हल्ला र मिडिया ट्रायलका भरमा समिति बनाउँदै जाने हो भने हामीले कस्तो संसदीय अभ्यास बनाउँदैछौँ भन्ने प्रश्न आउँछ।"

छानबिन समितिको कार्यादेश तय गर्ने विषयमा प्रमुख प्रतिपक्षी दल कठोर भएर उपस्थित भएको र व्यक्ति विशेष छानबिन थालिनुपर्ने अडानमा कायम रहँदा सहमति जुट्न नसकेको लामिछानेको भनाइ छ। "प्रतिपक्षले लचकताका आधारमा समिति बनाउने कुरामा सहमति गरेर आएका हौँ, तर कार्यादेशको विषय नटुङ्गिँदै मिडियामा आइसक्छ। तपाईंहरूले कस्तो किसिमको समिति बनाउन खोज्नुभएको हो ?, रास्वपालाई बाहिर राखेर समिति गठन गर्ने भए पनि गर्नुस्", गृहमन्त्री लामिछानेले भन्नुभयो । नयाँ दलका रूपमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) उदाएको विषयलाई पुरानो र लामो संसदीय अभ्यास गुजारिसकेको नेपाली कांग्रेसले सहन नसकेको उहाँको आरोप थियो। उहाँले भन्नुभयो, "लोकतन्त्र र संविधानका आधारमा रास्वपा भर्खरै हुर्केको हो तर यहाँ निमोठ्ने प्रयास भयो । एउटा व्यक्तिलाई खुइल्याउने, सदनमा बोल्न नदिने अनि समस्याको समाधान गर्न पहल पनि गर्न नदिने स्थिति बन्यो।" उपप्रधानमन्त्री लामिछानेले सहकारी समस्या समाधानका लागि व्यक्ति केन्द्रित नभई समस्या केन्द्रित रहेर जानुपर्नेमा सरकार सदैव तयार रहेको बताउनुभयो । उहाँले समस्याग्रस्त सहकारीमा सबैभन्दा पहिला बचतकर्ताको रकम फिर्ता गर्न सरकार तयार रहेको पनि स्पष्ट पार्नुभयो । उहाँले यही अधिवेशनमार्फत सहकारीका समस्या समाधानका लागि कुनै कानुन बनाएर जानसकिने भन्दै त्यस प्रक्रियामा सहजीकरण गर्न प्रतिपक्षी दललाई आग्रह गर्नुभयो ।

यसअघि विभिन्न समयमा उठेका आर्थिक अनियमितताका उदाहरण दिँदै उपप्रधानमन्त्री लामिछानेले ती घटनामा पनि छानबिन थालिनुपर्ने धारणा राख्नुभयो।

सहकारी ठगीको विषय फौजदारी कसुरको विषय भएकाले सोहीअनुसार अनुसन्धान र अभियोजनलगायत कानुनी प्रक्रियामा जानुपर्ने उहाँको भनाइ छ। उपप्रधानमन्त्री लामिछानेले समस्या केन्द्रित छानबिन अगाडि बढ्दा आफूले त्यसलाई सहजै स्वीकार्ने र आफूमाथिको छानबिनका लागि सहजीकरण गर्न तयार रहेको स्पष्ट पार्नुभयो। "संसदीय छानबिन समिति बनाउनूस्, म परीक्षित हुन तयार छु। सञ्चारमाध्यममा समाचार आएकै भरमा व्यक्ति केन्द्रित विषयमा समिति बनाउने होइन । समस्या केन्द्रित भएर छानबिन गरिनुपर्छ", उहाँले भन्नुभयो।

## पोखरा आइडिया मार्ट २०८१ तथा बुट क्याम्प सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, ६ जेठ




व्यवसाय प्रवर्द्धन केन्द्र पोखरा महानगरपालिकाको आयोजना एवम् नेपाली युवा उद्यमी मञ्चको सहकार्यमा आइतबारदेखि पोखरा आइडिया मार्ट तथा बुट क्याम्प सुरु भएको छ।

लुम्लेस्थित कृषि अनुन्धान निर्देशनालयको सभाकक्षमा तीन दिनसम्म सञ्चालन हुने मार्टको पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले उद्घाटन गर्नुभयो। कार्यक्रममा महानगरप्रमुख आचार्यले कार्यक्रममा युवाहरूले प्रस्तुत गर्ने हरेक आइडियाहरू समाजको उन्नयनका लागि प्रेरक बन्न सक्ने बताउनुभयो । अघि सारिएका आइडियाहरूलाई थप परिष्कृत गर्दै जानुपर्नेमा जोड दिदै उहाँले महानगरपालिकाले युवाहरूको उद्यमशिलता अभिबृद्धिका लागि यस किसिमका कार्यक्रमलाई प्राथमिकतामा राखेको बताउनुभयो। पोखरा पर्यटनको राजधानी घोषणा भैसकेका अवस्थामा विभिन्न परियोजनाहरू आउने क्रम सुरु भएको उहाँले जानकारी गराउनुभयो। पोखरा महानगरपालिकाका प्रवक्ता मोतिलाल तिमल्सिनाले मार्टमा प्राप्त सबै आइडियालाई छलफल गरी त्यसलाई कार्यान्वयनमा ल्याउन सकिएमा त्यसले समाजमा विशिष्ट योगदान गर्न सक्ने धारणा राख्नुभयो । कार्यक्रमका सभापति एवम् पोखरा महानगरपालिका आर्थिक महाशाखा प्रमुख मनोहर कडरियाले मार्टमा सहभागीताका लागि आवेदन माग गरिएकोमा विभिन्न आइडिया सहित ३५ वटा समूहले आवेदन प्रस्तुत गरेकोमा १९ वटा समूह छनौट भएको जानकारी दिनुभयो । १९ समूह मध्ये १७ वटा समूह मार्टमा सहभागी बनेको बताउँदै उहाँले ती मध्ये उत्कृष्ट १० छनौट गरिने बताउनुभयो। उत्कृष्ट १० लाई पुनः सरोकारवालाबीच राखेर छलफल गर्दै ती मध्येबाट प्रथम, द्बितीय, तृतीय र चतुर्थलाई क्रमशः ५०, ४०, ३० र २० हजार रुपैयाँ नगद सहित पुरस्कृत गरिने उहाँले जानकारी दिनुभयो।

व्यवसाय प्रवर्द्धन केन्द्रका प्रमुख नवराज अधिकारीले महानगरपालिकाले अघिल्लो वर्ष पनि मार्ट सञ्चालन गरेको बताउँदै सो क्रममा महानगरको आइडिया बैंकमा ३७ वटा आइडिया संकलन भैसकेको बताउनुभयो। केन्द्र मार्फत युवा उद्यमशीलता अभिबृद्धिका विभिन्न कार्यक्रम सञ्चालन भैरहेको उहाँको भनाइ छ । कार्यक्रममा पोखरा उद्योग वाणिज्य संघका बरिष्ठ उपाध्यक्ष गोकर्ण कार्की, नेपाली युवा उद्यमी मञ्चका अध्यक्ष निरज केसी, मुख्य प्रशिक्षक निरज खनाल लगायतले मार्टमा प्राप्त आइडियालाई कार्यान्वयनको तहमा लैजानुपर्ने आवश्यकता औंल्याउनुभयो । देशको बढ्दो युवा पलायन रोक्नु बर्तमानको आवश्यकता भएकोमा उहाँहरूले जोड दिनुभएको थियो।

## संसदीय गतिविधिमा रोक लगाउन माग गर्दै अध्यक्ष यादवद्वारा सर्वोच्चमा रिट

**रासस**
काठमाडौं, ६ जेठ

जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले आफ्नो पार्टी छाडेका सातजना सांसदलाई संसदीय गतिविधिमा रोक लगाउन माग गर्दै सर्वोच्च अदालतमा रिट निवेदन दायर गर्नुभएको छ।

अध्यक्ष यादवले आइतबार दायर गरेको रिट निवेदनमा आफ्नो पार्टी छाडेका सातजना सांसदलाई सरकारलाई विश्वासको मत दिन र संसदीय गतिविधिमा रोक लगाउन माग गरिएको छ। रिट निवेदनमा आफ्नो पार्टी छाडेका सांसदले प्रतिनिधिसभा सदस्य पद गुमाइसकेको जिकिर गर्दै निजहरूबाट प्रधानमन्त्रीले विश्वासको मत लिए पनि बदर हुने दाबी गरिएको छ। उक्त विवादको सुनुवाइ भोलि सोमबारका लागि तोकिएको छ।

यसअघि, सर्वोच्च अदालतका न्यायाधीश विनोद शर्माको एकल इजलासले यही जेठ २ गते निर्वाचन आयोगले अशोक राई नेतृत्वमा गठन भएको जनता समाजवादी पार्टीलाई आधिकारिकता दिने निर्णय तत्काल यथास्थितिमा राख्न आदेश गरेको थियो । निर्वाचन आयोगले अशोक राई नेतृत्वमा गठन भएको जनता समाजवादी पार्टीलाई आधिकारिकता दिने निर्णयप्रति असन्तुष्टि व्यक्त गर्दै जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवले सर्वोच्च अदालतमा निवेदन दायर गर्नुभएको थियो। गत वैशाख २३ गते राईले जसपा विभाजन गरेर नयाँ पार्टी दर्ताका लागि निवेदन दिनुभएको थियो। सोही निवेदनको आधारमा निर्वाचन आयोगले गत वैशाख २४ गते आधिकारिकताको प्रमाणपत्र दिएको थियो । जसपा नेपालमा भएको विभाजनपछि उपेन्द्र यादवको पार्टीमा १२ मध्ये पाँच मात्रै सांसद हुनुहुन्छ। उक्त विवादमा यही जेठ ८ गते दुवै पक्षको छलफलका लागि पेसी तोकिएको छ।

## पेमा धेछेन्लिङ गुम्बामा धार्मिक प्रवचन

**पोखरापत्र संवाददाता**
पोखरा, ६ जेठ

२५६८ औं बुद्ध जयन्ती एवंम सागा दावा तिथिको अवसरमा आयोजित धार्मिक प्रवचन कार्यक्रम सम्पन्न भएको छ। पेमा धेछेनलिङ गुम्बामा गुरुङ लामा सघं नेपालको अध्यक्ष धर्म गुरु खेन्पो शिर लामाद्धारा बुद्ध जीवनी र प्रज्ञा पारमिताको विषयमा धर्मदेशना प्रवचन गर्नुभएको थियो।

बुद्ध जयन्ती मूल समारोह समिति कास्कीको सप्ताहव्यापी कार्यक्रम अर्न्तगत बैदाम तामाङ सेवा समाजले धार्मिक प्रवचन कार्यक्रम आयोजना गरेको हो । कार्यक्रमको शुरुवात धर्म गुरु खेन्पो शिर लामाद्धारा बत्ति (छुमे) बालेर तथा पोखरा महानगरपालिका वडा नं-६ का वडा अध्यक्ष विष्णु बहादुर भट्टराईले कोकोम्हेन्दोको फुल बर्साएर गरेका थिए।

गुरु खेन्पो शिर लामाले बुद्धको जन्म र बुद्धत्व बारे विशेष प्रवचन दिएका थिए। कार्यक्रममा बुद्ध जयन्ती समारोह समितीका अध्यक्ष क्याप्टेन चन्द्र प्रसाद गुरुङ, वडा नं ६ का वडा अध्यक्ष विष्णु बहादुर भट्टराई, बैदाम तामाङ सेवा समाजका अध्यक्ष ज्याक तामाङ, नेपाल तामाङ घेदुङ केन्द्रिय उपाध्यक्ष दिपक वाईवा, खहरे आमा समुहका अध्यक्ष शान्ती पहारी लगायतले बोलका थिए ।

बुद्ध जयन्ती समारोह समितीका अध्यक्ष क्याप्टेन चन्द्र प्रसाद गुरुङको अध्यक्षतामा भएको कार्यक्रम मिस तामाङ पोखरा २०२३ का बिजेता एवमं बैदाम तामाङ सेवा समाजका सहसचिव रोश्मा तामाङले सन्चालन गरेका थिए।

## सामूहिक कृषिमा महिलाको आकर्षण बढ्दो

**पोखरापत्र संवाददाता**
पोखरा, ६ जेठ

पोखरा महानगरपालिका-१६ अर्मलाका महिलाहरू सामूहिक कृषितर्फ आकर्षित भएका छन्।

प्रगति कृषि समूह गठन गरी जग्गा भाडामा लिएर महिलाहरू सामूहिक कृषिखेतीमा लागेका हुन । समूहकी अध्यक्ष चिनमाया सुवेदी श्रेष्ठले दुई रोपनी जग्गामा मौसमअनुसार आलु, मुला, केराउ, काँक्रोलगायतका नगदेबाली गर्दै आएका र वर्षाको समयमा सोही जग्गामा परीक्षणकारूपमा विभिन्न छ जातका धान रोप्ने तयारी भइरहेको बताउनुभयो।


"स्यालघारी फाँटको जग्गामा यतिखेर लटरम्म काँक्रा फलेका छन् । फागुन महिनामा लगाएका भक्तपुरे जातको काँक्राका एक सय ३२ वटा बिरुवाले उत्पादन दिन सुरू गरेका छन् । वैशाखको अन्तिम सातादेखि उत्पादन सुरू भएको काँक्रा बिक्रीबाट रु १५ हजारभन्दा बढी आम्दानी गर्न सफल भएका छौँ", अध्यक्ष सुवेदीले भन्नुभयो। हाल प्रतिकेजी ८० मा बारीबाटै काँक्रा बिक्री हुने गरेको छ । उहाँले समूहमा आवद्ध महिलाहरूले नै बारीबाट काँक्रा खरिद गरेर बजारमा बिक्री गरी राम्रो आम्दानी गरिरहेका बताउनुभयो । "उत्पादन भएका काँक्रा बिक्री हुँदैन की भनेर चिन्ता गर्नुपर्दैन समूहकै महिलाले प्रतिकेजी रु ८० का दरले बारीबाटै खरिद गरेर लानुहुन्छ" अध्यक्ष श्रेष्ठले भन्नुभयो,"सोही काँक्रो स्थानीय बजारमा बिक्री गरेर जीविकोपार्जनको आधार बनिरहेको छ।"

विसं २०७४ मा कारितास नेपालको सहयोगमा स्थापना भएको किसान समूहमा हाल बीस जना सदस्य आवद्ध छन् । समूहकी सचिव सोनिया सुनारले प्रत्येक शनिबार घरको सबै काम पन्छ्याएर बारिको माटोमा पसिना चुहाउँदा राम्रो आम्दानी हुने गरेको बताउनुभयो । "संस्थामा आवद्ध सदस्य हप्ताको एक दिन बारिमा जम्मा हुन्छौं, आवश्यक मल पनि घरबाटै बोकेर लैजाने गरेका छौँ" उहाँले भन्नुभयो,"कुनै पनि विषादि प्रयोग गरेका छैनौं उत्पादित अर्गानिक काँक्रो बजारमा पठाउँन पाउँदा खुसी लागेको छ । यसले बेरोजगार भएर घरमै बस्दै आएका महिला हाल तरकारी उब्जायर आफूलाई आवश्यक पैसासमेत कमाउन थालेका छौँ।"

सचिव सुनारका अनुसार ३० देखि ६० वर्ष उमेर समूहका महिला सङ्गठित भएर कृषि गर्दै आएका छन् । उहाँहरूलाई बेलाबेला अघिल्लो वर्ष पोखरा महानगरले रु १० हजार आर्थिक सहयोगसमेत गरेको थियो । "आधुनिक कृषिऔजार, मल, बीउलगायत अत्यावश्यक सुविधा पाउने हो भने खेती विस्तार गर्दै जाने सोचमा छौँ । त्यसले हाम्रो आम्दाी वृद्धिमा पनि सहयोग पुग्थ्यो । हाल वार्षिक तीनदेखि चार लाखसम्म आम्दानी गर्दै आएको छौँ ।" सामूहिक कृषिखेती सुरू भएपछि एकतिर समूहमा आवद्ध महिलाले घरमा मौसम अनुसारका तरकारी लिन पाएका छन्, अर्कोतिर सामूहिक खेती सिकाइको पाठशालासँगै आयआर्जनको माध्यम पनि बन्दै गएको छ । कोषाध्यक्ष चन्द्रा भट्टराईले समूहमा जम्मा भएको रकम आयआर्जनका लागि


बाँकी अन्तिम पृष्ठमा ▶▶





# पत्रकार विजय नेपाललाई 'जितप्रसाद द्वा चलचित्र पत्रकारिता पुरस्कार', फिल्मकर्मी विनोद शेरचनलाई सम्मान

**पोखरापत्र संवाददाता**
पोखरा, ६ जेठ

'जितप्रसाद द्वा चलचित्र पत्रकारिता पुरस्कार' बाट पत्रकार विजय नेपाल पुरस्कृत हुने भएका छन् भने फिल्मकर्मी विनोद शेरचनलाई सम्मान गरिने भएको छ।

चलचित्र पत्रकार संघ नेपाल, कास्कीले गण्डकी प्रदेशमा कार्यरत चलचित्र पत्रकारमध्येबाट बर्सेनि १ जनालाई पुरस्कार र फिल्मकर्मीलाई सम्मान गर्दै आइरहेको छ।

लामो समय चलचित्र पत्रकारिता गर्दै आएका विजयलाई जितप्रसाद द्वा चलचित्र पत्रकारिता पुरस्कार २०८० प्रदान गर्ने निर्णय भएको र २०४५ साल देखि नेपाली सिनेमा बनाउँदै आएका फिल्मकर्मी विनोद शेरचनलाई सम्मान गर्न लागिएको संघका अध्यक्ष प्रभु अधिकारीले जानकारी गराए। चलचित्र पत्रकार संघ नेपाल कास्कीका पूर्व सहसचिव पत्रकार विजय नेपाल आदर्श समाज दैनिकका कार्यकारी सम्पादक र राजधानी दैनिकका पोखरा संवाददाता हुन् । पाल्पा रिब्दीगाउँपालिका ७, मैनादीका उनी झण्डै २ दशकदेखि पोखरालाई कर्मथलो बनाएर निरन्तर पत्रकारितामा क्रियाशील छन् । हिमालप्रेसमा समेत आबद्ध विजय विशेषगरी फिल्म तथा रंग पत्रकारितामा रुची राख्छन् । सामाजिक विषयवस्तुमा समेत उनको कलम चल्छ । यस्तै २०४५ साल देखि नै सिनेमा निर्माणमा लागेका विनोद शेरचन पोखरा महानगरपालिका वडा नं. १० का स्थायी बासिन्दा हुन् । उनले निर्माण गरेको सिनेमा कन्यादान, तृष्णा, बादल पारी र दुनियाँ चलेको सिनेमा हो । नेपालका नाम चलेका कलाकारहरु भूवन केसी, गौरी मल्ल, निर शाह, दिलिप रायमाझी, कृष्टि मैनाली, जल शाह, रुपा राणा, मुरली धर, निखिल उप्रेती, निरुता सिंह जस्ता कलाकारसँग काम गरेका शेरचनले लगानी गरेका सबै सिनेमालाई दर्शकले रुचाएका छन् । आगामी जेठ १९ गते संघको साधारणसभाका अवसरमा पत्रकार विजय नेपाललाई २५ हजार पुरस्कार राशी सहित पुरस्कृत गरिने र फिल्मकर्मी विनोद शेरचनलाई दोसल्ला, माला र सम्मान पत्र सहित सम्मान गरिने अध्यक्ष अधिकारीले बताए।

चलचित्र पत्रकारिता पुरस्कार पुराना चलचित्रकर्मी जितप्रसाद द्वा र परिवारद्वरा नेपाली चलचित्र क्षेत्रमा पुऱ्याएको योगदानलाई चिरकालसम्म सम्झिरहन र यही क्षेत्रमा कलम चलाइरहेका पत्रकारलाई थप हौसला प्रदान गर्न स्थापना भएको चलचित्र पत्रकार संघ नेपाल कास्कीका सचिव सन्तोष बस्यालले जानकारी गराए । संघले प्रदान गर्न लागेको चलचित्र पत्रकारिता पुरस्कारको प्रतिभा छनोटका लागि चलचित्र पत्रकार संघ नेपाल कास्कीका सल्लाहकार सुरेश रानाभाटको संयोजकत्वमा संघकै संस्थापक अध्यक्ष श्रीराम सिग्देल र कलाकार माओत्से गुरुङ सदस्य रहेको समिति गठन भएको थियो । जितप्रसाद द्वा चलचित्र पत्रकारिता पुरस्कार निवर्तमान अध्यक्ष अरुण गिरी नेतृत्व कार्यसमितिले २०७७ देखि प्रदान गर्न सुरु गरेको हो । पहिलो पुरस्कार संघका संस्थापक अध्यक्ष श्रीराम सिग्देललाई प्रदान गरिएको थियो भने दोस्रो र तेस्रो पुरस्कारबाट संस्थाका पूर्व अध्यक्ष रेम विक र पूर्व सल्लाहकार राजाराम पौडेल पुरस्कृत भइसकेका छन् ।

# प्रथम वडा स्तरीय बुद्धिचाल प्रतियोगिता सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, ६ जेठ




पोखरा महानगर पालिका वडा नं-६ बैदामको शनिबार सम्पन्न प्रथम वडा स्तरीय बुद्धिचाल प्रतियोगिताको उपाधि एकराज अधिकारीले जितेका छन । ४.५ अंक ल्याई प्रथम हुन सफल भएका छन । उनले पुरस्कार स्वरुप नगद सात हजार पाच सय प्रमाण पत्र र मेडल हात पारे।

ताल बाराही भू.पू. विद्यार्थी एशोसियसन पोखरा ६ बैदामको आयोजना, पोखरा महानगर पालिका वडा नं ६ को आर्थिक सहयोग र कास्की जिल्ला बुद्धिचाल संघको प्राविधिक सहयोगमा प्रथम वडा स्तरीय बुद्धिचाल प्रतियोगिता २०८१ सम्पन्न भएको छ । कार्यक्रममा प्रमुख अतिथि एवंम पोखरा महानगर पालिका वडा नं-६ ज.वडा अध्यक्ष बिष्णु बहादुर भट्टराईले चेसको गोटी चली उदघाटन गरिएको प्रतियोगितामा । मन्तव्य राख्दै पोखरा लाइ पर्यटकीय राजधानीको भएकोमा खुशि ब्यक्त गरे, उनले अबका दिनमा पोखरालाई खेलकुदको राजधानी बनाउने तर्फ सवै पोखरेली लाग्नु पर्नेमा जोड दिए। स्वस्थ्य हुन खेलकुद आवश्यक रहेकाले वडाले विभिन्न खेलकुद प्रतियोगिता गर्दै आएको उनको भनाइ थियो। ताल बाराही माध्यमिक विद्यालयका ब्यवस्थापन समितिका अध्यक्ष कृष्ण प्रसाद न्यौपानेले विधार्थि एसोसियसनले विद्यालयका हरेक कार्यक्रममा सहभागिता जनाउदै आएकोमा खुशी ब्यक्त गरेका थिए।

कार्यक्रमका संयोजक एवंम राष्ट्रिय रेफ्रि तथा बुद्धिचाल संघका केन्द्रिय सदस्य महेश्वर अधिकारीले बुद्धिचाल खेल बल भन्दा पनि दिमाखले खेल्ने खेल भएको हुनाले, चनाखो भइ खेल्न आग्रह गर्दै, खेलका नियम र मापदण्डका बारेमा प्रकाश पारेका थिए । विद्यार्थी एसोशियसनका कार्यबाहक अध्यक्ष खिमलाल पहारीको सभाअध्यक्षमा सम्पन्न कार्यक्रममा सदस्य गणेशराज पहारी स्वागत मनतब्य राखेका थिए भने, स-सचिब ज्ञानेन्द्रराज कोइरालाले कार्यक्रम संचालन गरेका थिए । कुल ५२ जना प्रतिस्पर्धी खेलाडीहरु सहभागी रहेको प्रतियोगितामा "ल अफ फिडेको" अन्तराष्ट्रिय नियम अनुसार खेल खेलाइको थियो । बेष्ट अफ फाइफको आधारमा गरिको, प्रतियोगितामा उत्तम पहारी, किरण रञ्जित, सुनिल बहादुर कोइराला र सुक प्रधानले चिफ आर्विटरको भूमिका निर्वाह गरेका थिए। प्रतियोगितामा ४.५ अंक ल्याइ धमेन्द्र गिरि द्रोस्रो र ४ अंक ल्याइ शुनिल श्रेष्ठ तेस्रो भएका थिए। क्रमश उनिहरुलाई नगद पाचहजार दुईसय पचास र तिनहजार सात सय पचास रुपैया सहित प्रमाण पत्र र मेडल प्रदान गरिको थियो।

तेसै गरि पन्ध्र बर्ष मुनिका बाबु र नानीहरु तर्फ किस्मत जि.सी प्रथम, लक्ष्य शाक्य दोस्रो र उज्जवल पहारी तेस्रो भए । नानीहरु तर्फ सविना पोखरेल प्रथम र सुभेच्छा शाक्य दोस्रो र रस्मिता गुरुङ तेस्रो हुन सफल भएका थिए । पुरस्कृत खेलाडीहरुलाई प्रमुख अतिथि र आयोजकले संयुक्त रुपमा नगद पुरस्कार, मेडल र प्रमाण पत्र वितरण गरेका थिए।

# सामुहिक ...

आवद्ध सदस्यलाई एक प्रतिशत व्याजमा लगानी गर्ने गरिएको जानकारी दिनुभयो । उहाँका अनुसार समूहको कोषमा अहिले रु एक लाख ५० हजार रहेको छ भने एक वर्षअघि सङ्कलित रकमबाट प्रत्येक सदस्यलाई पाँच हजारका दरले वितरण गरिएको थियो। समूहले अध्ययन अवलोकन भ्रमण तथा रमाइलो वनभोजसमेत आयोजना गर्ने गरेको छ। सो समूह रैथाने जातको धान संरक्षण अभियानमा पनि जुटेको छ। काँक्रा लगाएको जग्गामा धानका जेठाबुढो, अनदी, कालो झिनुवा, वयर्नी, पहेँलेलगायतका जात रोप्ने तयारी भएको जनाइएको छ। त्यसका लागि पोखरा महानगरपालिकाले उपलव्ध गराएको बीउ रादिएको छ । समूहका प्रत्येक सदस्यले डोकोमा मल र हातमा खन्ने औजार लिएर बारिमा धानको बीउ राखेका र अब परीक्षणका रूपमा पहिलो पटक धान रोपाइ गर्ने तयारी भइरहेको अध्यक्ष सुवेदीले जानकारी दिनुभयो।

पोखरा महानगर कृषि महाशाखाप्रमुख मनोहर कडरियाले नेपाल सरकारले सूचीकृत गरेका खान नरम र स्वादिष्ट धानको जात संरक्षण गर्ने उद्देश्यका साथ विभिन्न पाँचवटा कृषि सेवा केन्द्रमार्फत परीक्षणका लागि निःशुल्क बीउ प्रदान गरिएको जानकारी दिनुभयो। छोटो समयमा बढी उत्पादन हुने हाइब्रिड धानमा किसानको आकर्षण बढेपछि स्थानीय जातका धान लोप हुने अवस्थामा पुगेकाले स्थानीय जातको संरक्षणका लागि किसानलाई बीउ वितरण गरिएको उहाँले बताउनुभयो । पोखरा १६ कृषि सञ्जालका अध्यक्ष जीतबहादुर बस्नेतले महानगरले उपलब्ध गराएको रु पाँच लाखबाट विभिन्न चारवटा नर्सरी स्थापना गरी उत्पादन गर्न थालिएको जानकारी दिनुभयो । लहरेबालीका बिरुवा ५० प्रतिशत अनुदानमा बिक्री वितरणका साथै मौरीघार वितरण, फलफूलका बिरुवा वितरणलगायतका किसान लक्षित कार्यक्रम सञ्चालन गर्दै आएको उहाँको भनाइ छ।


गण्डकी प्रदेश सरकार
**कृषि तथा भूमि व्यवस्था मन्त्रालय**
पोखरा, नेपाल

- विषादीलाई केटाकेटीको पहुँचबाट टाढा राखौं साथै विषादीलाई खानेकुरा, जनावरको दाना राख्ने ठाउँभन्दा छुट्टै स्थानमा राखौं ।
- सकेसम्म जैविक विषादीको मात्र प्रयोग गरौं र रसायनिक विषादी प्रयोग गर्न परेको खण्डमा उक्त विषादीको बारेमा पूर्ण जानकारी लिएर मात्र प्रयोग गरौं ।
- विषादी प्रयोग गर्दा सुरक्षित पहिरनको (पञ्जा, मास्क, चश्मा, पूरा बाउला भएको सर्ट र पेन्ट, एप्रोन, बुट इत्यादि ।) प्रयोग गर्ने गरौं र सम्भावित दुर्घटनाबाट बच्ने उपायबारे सजग रहौं ।
- विषादी प्रयोग गर्नु पूर्व त्यसको लेबल (रङ र संकेत) पढौं र बुझौं ।
- जीवनाशक विषादी प्रयोग पश्चात प्रयोगकर्ताले राम्रोसंग नुहाइ धुवाइ गर्ने, खाली विषादीको भाँडाको सुरक्षित तवरले नष्ट गर्ने र फल टिप्नका लागि प्रतिक्षा अवधि र पुन:प्रयोग अवधिमा ध्यान दिने गरौं ।
- विषादी विष हो, औषधी होइन भन्ने कुरा ध्यानमा राखौं ।

**२. विषादी कारोबारमा संलग्न महानुभावहरुमा विशेष अनुरोध**

- विषादी ऐन र नियमावली बमोजिम इजाजत पत्र लिएर मात्र विषादीको कारोबार गर्नुहोस् ।
- नियमानुसार इजाजत पत्र/पञ्जीकरण पत्र नवीकरण गर्नुहोस् ।
- कारोबार गर्दा पञ्जीकृत विषादीहरुको मात्र कारोबार गर्नुहोस् ।
- आफ्नो उद्योगमा संलग्न कर्मचारी वा कामदारहरुलाई आवश्यक प्रशिक्षण दिनुहोस् ।
- विषादी पञ्जीकरण तथा व्यवस्थापन शाखाले तोकेको मापदण्ड बमोजिम विषादी पसल तथा उद्योग व्यवस्थित गर्नुहोस् ।
- पञ्जीकृत, सुरक्षित र प्रभावकारी विषादीको कारोबारलाई प्राथमिकता दिनुहोस् ।
- विषादीको सुरक्षित तरिकाले परिवहन र भण्डारण गर्नुहोस् ।
- विषादी चलाउँदा सुरक्षात्मक पहिरनको अनिवार्य प्रयोग गर्नुहोस्/गराउनुहोस् ।
- पञ्जीकृत नभएका र प्रतिबन्धित विषादीबारे जानकारी राख्नुहोस् र त्यस्ता विषादी आयात तथा बिक्री वितरण नगर्नुहोस् ।

**कृषक वर्गमा अनुरोध**
**बीउ-बिजनतर्फ:**

- बजारमा पाइने विभिन्न खाद्यान्न र तरकारी बालीको बीउ खरिद गर्ने बेला नेपाल सरकारबाट सूचीकृत अथवा सिफारिस भएको हो होइन यकिन गरौं ।
- बीउ खरिद गर्ने बेलामा बीउ उत्पादनकर्ताको विवरण भएको यथार्थ संकेतपत्र भएको बीउ मात्र खरिद गर्ने गरौं ।


# ठकुरी बस्तीमा निशुल्क आँखा शिविर

**पोखरापत्र संवाददाता**
पोखरा, ६ जेठ




कास्की जिल्लाको पुर्वि गाउँपालिका रुपा गाउँपालिका वडा नं ४ ठकुरी बस्तीमा निशुल्क आँखा शिविर सम्पन्न भएको छ।

दर्शन फाउन्डेसनको आयोजना तथा गोर्खा कालिका क्लव र दर्शन आमा समुहको सहआयोजना साथै हिमालय आँखा अस्पताल पोखराको प्राविधिक सहयोगमा एक दिने निशुल्क आँखा जाँच सम्पन्न भएको छ । शिविरमा कास्की र लमजुङका गरि १३७ जनाले लाभ प्राप्त गरेका छन्। हिमालय आँखा अस्पतालका वरिष्ठ नेत्र अधिकृत गोबिन्दनाथ योगीले आँखाको महत्वबारे प्रकाश पार्दै शिविरमा सहभागी मध्य अप्रेसन नै गर्नुपर्ने बिरामीहरुलाई रेफर गर्दै अस्पतालले निशुल्क अप्रेसन गर्ने गरि आँखाको हिफाजतबारे जानकारी गराए । कार्यक्रममा रुपा गाउपालिकाको अध्यक्ष एवम् प्रमुख अतिथि नवराज ओझाले साविक सिद्ध गाविसमा पहिलो पटक शिविर संचालन गरेकोमा बधाई शुभकामना दिदै रुपामा क्लब, समुहले स्वास्थ्य सम्बन्धी कार्यक्रम आयोजना गर्नु पर्ने बताए। उनले युवा क्लवहरु प्रायः सामान्य खेलकुद सामाग्री, महिला समुहहरु भाँडाकुडा मात्र माग गर्ने गरेका वताए । स्वस्थ आँखा भयो भने झिलिमिली सन्सार हेर्न मात्र होइन दैनिक कामकाजमा सहज हुन्छ भन्दै रुपा मै क्लवद्वारा आयोजना गरिएको आँखा शिविर दोस्रो पटक भएको समेत बताए।

विभिन्न भेगबाट आँखा जाँचका लागि आएका मध्ये अवस्था हेरी चश्मा तथा औषधि समेत निशुल्क वितरण गरिएको थियो । दर्शन फाउण्डेशनका अध्यक्ष पितमबहादुर सेनको अध्यक्षतामा भएको कार्यक्रमको संचालन सचिव मदन मल्ल छाँयाले गरेका थिए।


**कपालको उपचार**
**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**
**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६



**प्यारालाइसिसका बिरामीको उपचार**

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०



**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरुषमा देखिने:**
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरुमा देखिने:**
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय:** प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।

– थमस हाडी

## सम्पादकीय

# गृहमन्त्रीको झटारो

दुई महिनापछि प्रतिनिधिसभाको रोष्टमबाट बोल्न पाएका उपप्रधान एवं गृहमन्त्री रवि लामिछानेले नेपाली कांग्रेसका महामन्त्री गगन थापा लक्षित गरी विभिन्न प्रश्नहरू उठाएका छन् । आइतबार प्रतिनिधि सभाको बैठकमा बोल्दै लामिछानेले थापालाई लक्षित गर्दै कृषि अनुदानको रकम हिनामिना गरेकोदेखि देशको सूचना बेच्ने एजेन्टसम्मको आरोप लगाएका छन् । दुई महिनादेखि सदन, सडक र संचार माध्यममा सहकारी ठगीको आरोप खेपेका उपप्रधानमन्त्री लामिछानेले कांग्रेस महामन्त्री गगन थापामाथि संचार माध्यममा आएका समाचारलाई आधार मानेर आरोप लगाइएको छ ।

संसदमा बोल्दै लामिछानेले भने, 'कृषि अनुदानको रकम हिनामिना गरेर कुखुरा, माछा, खसीबोका, बाख्रा पाल्नेलाई पनि बाहिर पठाऔँ । दुईतीन वटा नागरिकता बोक्नेलाई मात्र होइन, एउटै नागरिकता र पासपोर्ट बोक्ने, तर देशका गोप्य सूचना विदेशीलाई बेच्ने एजेन्ट र एसेट्सलाई पनि बाहिर पठाऔँ, संसदबाट हटाऔँ । जतिसुकै शक्तिशाली होस, देशको मन्त्री होस वा पार्टीको महामन्त्री किन नहोस् ।' कांग्रेस सभापति शेर बहादुर देउवा भन्दाअघि सरेर रवि लामिछाने विरुद्ध खनिएका महामन्त्री थापालाई पनि रविले त्यस्तै जवाफ फर्काएका छन।सदन र संचार माध्यमबाट गगनले रवि विरुद्ध आगो ओकल्ने गर्थे रविले पनि गगन विरुद्ध त्यस्तै जवाफ फर्काएका छन। विपक्षी प्रति भित्तामा पुऱ्याउने गरि जवाफ फर्काउने गगन र रविका बिचमा देखिएका असमझदारी हटाउन दुवैतर्फबाट संवाद हुनुपर्ने अवस्था छ ।

गृहमन्त्री लामिछानेले कांग्रेस महामन्त्री थापालाई लक्षित गर्दै २०५५ सालमा स्ववियु सभापति हुँदा त्रिचन्द्र कलेजमा पार्क निर्माणमा भ्रष्टाचार भएको ३० लाखभन्दा माथिको बेरुजु महालेखा परीक्षकको प्रतिवेदनमै रहेको समाचार आएको, त्रिवि परीक्षा नियन्त्रण कार्यालयको वेबसाइट बनाउँछु भनेर ५ लाख पेस्की लिएर वेबसाइट नबनाएको समाचार आएको, व्यावसायिक कृषि आयोजना प्याक्टबाट सुनखानी कृषि फार्मको नाममा १५ करोड लिएर नुवाकोटमा बाख्रा फारम र काठमाडौँको गोल्फूटारमा मासु पसल खोलेको र अनुदान लिएपछि बन्द गरेको समाचार आएको छ ।

रकम हिनामिनाको आरोप लागेपछि प्याक्टलाई प्रभावमा पारेर रकम नलिएको विज्ञप्ति निकाल्न लगाइएको र सो विषयमा साउथ एसिया नामको संस्थाले फ्याक्ट चेक गरेको तर पछि वेवसाइटबाट गायव पारिएको बताए । यस्तै स्वास्थ्य मन्त्री भएका बेला १४ करोड लिएर प्राध्यापक राजकुमार रौनियारलाई बिपी स्वास्थ्य प्रतिष्ठानमा कुलपति बनाएको र उनलाई पैसा बुझाउनुपर्ने भन्दै मान्छेहरू हिँडेको कुरा समाचारमा आएको उल्लेख गरे ।

उनले यसरी हेडलाइनमा आएका व्यक्तिलाई पनि संसदीय छानबिन गर्ने हो भने आफूबाट संसदीय छानबिन सुरु गर्न आग्रह गरे । उनले भने,'१५ वर्षदेखि संसद्को लास्ट सीटदेखि फ्रन्ट सिटसम्म आइपुग्दा भ्रष्टाचारका सबै काण्डको साक्षी बसेर ठुलो स्वर गर्नेहरूलाई हेक्का रहोस्, यो देश अब तपाईंहरुको गनगनले मात्र चल्दैन । आफैँ सरकारमा बसेर यसलाई बाहिर पठाऊ, उसलाई बाहिर पठाऊ भन्नुको साटो प्रमाण जुटाएर कारबाही गर्ने आँट गरेको भए हुन्थ्यो । अप्रमाणित हल्ला र मिडिया ट्रायललाई लिएर संसद्लाई लेक्चर दिनुभयो काम गर्नुभयो ।'

उनले थापालाई चुनौती दिँदै आफूले निवेदन दिएर ऋण मागेको प्रमाण रहेको बताएकोमा सो प्रमाण सार्वजनिक गर्न आग्रह गरे । पोखराको सूर्यदर्शन सहकारीको छानबिन समितिमा नेपाली कांग्रेसकै कार्यकर्ता रहेको बताउँदै बिना आधार र प्रमाण छानबिन प्रतिवेदन बनाएको उल्लेख गरे । उनले आफूले सहकारीको ऋण लिएको प्रमाणढुंगामुढा पेस गर्न पटक-पटक चुनौती दिँदै मिडियामा आएको हेडलाइनका आधारमा व्यक्ति केन्द्रित छानबिन समिति बनाउन नसकिने प्रष्ट पारे । सहकारीको ठगीका बारेमा उठ्का प्रश्नको उत्तर दिने र नसुनेको झै गर्नु आफ्नो मान्यता विपर हो ।


# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : शुभ यात्रा | तुला | : मानसिक तनाब |
| वृष | : स्वास्थ्यमा सुधार | वृश्चिक | : शारीरिक झमेला |
| मिथुन | : सहयोग मिल्नेछ | धनु | : ब्यापारमा लाभ |
| कर्कट | : अप्रत्यसित लाभ | मकर | : शत्रुको भय |
| सिंह | : सत्कार मिल्नेछ | कुम्भ | : झमेला बड्ने |
| कन्या | : आर्थिक समस्या | मीन | : कार्यमा सफलता |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# पश्चिमाञ्चल माविमा एसइइ कप फुटसल प्रतियोगिता

**पोखरापत्र संवाददाता**
पोखरा, ६ जेठ

पोखरा-४ गैह्रापाटनस्थित पश्चिमाञ्चल माविले एसइइ कप फुटसल प्रतियोगिता गर्ने भएको छ । जेठ १४ र १५ गते पोखरामा हुने प्रतियोगिता पोखरा फुटसल एरिनामा सञ्चालन हुने विद्यालयले बताएको छ ।

'स्वस्थका लागि खेल, राष्ट्रका लागि खेल' भन्ने अभिप्रायले पश्चिमाञ्चल माध्यमिक विद्यालयले यो प्रतियोगिता राखेको छ । कास्की जिल्लाबाट यो वर्ष एसइइमा सहभागि विद्यार्थीबीच आपसी मित्रता तथा सद्भाव बढाउने उद्देश्यले यो प्रतियोगिताले राखेको विद्यालयका प्राचार्य सरोज कोइरालाले जानकारी दिए । उनका अनुसार प्रतियोगितामा पोखरा भित्रका निजी तथा सामुदायिक विद्यालयले सहभागिता जनाउन सक्नेछन । त्यस्तै फरक फरक विद्यालयबाट एसइइ दिएका तर एउटै समूह बनेर खेल्न आएको समूहले पनि भाग लिन पाउने उनले बताए । व्यक्तिगत रुपमा समूह बनाएर पनि प्रतियोगितामा सहभागि गराउँदा उनीहरुमा झनै मित्रता बढ्ने उनले बताए । फुटसल प्रतियोगितामा प्रथम र द्वितीयले क्रमशः २० र १५ हजार नगद पुरस्कार सहित ट्रफी, मेडल र सर्टिफिकेट पाउनेछन् । त्यस्तै उत्कृष्ट खेलाडी, गोलरक्षक र सर्वाधिक गोलकतालाई पनि पुरस्कृत गरिनेछ ।

# पर्वतका कृषक व्यावसायिक आलुखेतीमा

**पोखरापत्र संवाददाता**
पर्वत, ६ जेठ

पर्वतमा करिब दुई हजार किसान व्यावसायिक आलु खेती गर्न लागेका छन् ।

कृषि ज्ञान केन्द्र पर्वतले खायन आलु उत्पादन तथा प्रवर्द्धन कार्यक्रम संचालन गरेपछि विगतमा आलुको उपभोगमुखि खेती गर्दै आएका यहाँका करिब दुई हजार किसान व्यावसायिक खेतीमा लागेको बागवानी विकास अधिकृत शङ्कर पौडेलले जानकारी दिनुभयो । कार्यक्रमअन्तर्गत हिउँदे मौसममा जिल्लाभरका एक हजार आठ सय २१ जना कृषकले व्यावसायिक आलु खेती गरी आम्दानी गरेका पनि पौडेलले बताउनुभयो।"किसानलाईव्यावसायिक आलु खेतीतर्फ आकर्षित गर्दै जिल्लालाई आलु उत्पादनमा आत्मनिर्भर बनाउने उद्देश्यले कार्यक्रम संचालन गरिएको हो । चालु आर्थिक वर्षका लागि रु तीन करोड विनियोजन गरिएको छ । सो रकमबाट आलुको बीउ, मल, कृषि औजार तथा बजारीकरणका लागि अनुदान उपलब्ध गराइएको छ", पौडेलले भन्नुभयो । चालु आवमा एक सय २५ हेक्टरमा आलु खेती विस्तार गर्ने लक्ष्य रहेकामा कृषकको मागअनुसार एक सय ५५ हेक्टर क्षेत्रफलमा मात्र खेती गरिएको छ । त्यसबाट दुई हजार छ सय ५८ मेट्रिकटन आलु उत्पादन भएको छ । त्यसमध्ये कृषकले उपभोग गरेर बाँकी रहेको आलु बिक्रीबाट रु पाँच करोड आम्दानी गरेका कृषि ज्ञान केन्द्रले जनाएको छ । पर्वतमा जनकदेव, खुमल, उज्ज्वल, खुमल सेतो, एमएस ४२, कुफ्री, ज्योती, ताराखोला, जातका आलुको खेती गरिएको थियो । प्रतिहेक्टर न्यूनतम २६ मेट्रिकटनदेखि अधिकतम ४६ मेटिकटनसम्म उत्पादन भएको बागवानी विकास अधिकृत पौडेलले जानकारी दिनुभयो ।

आलु खेतीमा लागेका कृषकलाई ज्ञान केन्द्रले नियमितरूपमा प्राविधिक सल्लाहका साथै अनुगमनको काम पनि गर्ने गरेको थियो । जिल्लाभर ५४ वटा समूहमार्फत आलु खेती विस्तार गरिएको केन्द्रले जनाएको छ ।

# करेन्ट लगाएर माछा मार्ने क्रममा एकको मृत्यु

**पोखरापत्र संवाददाता**
पोखरा, ६ जेठ

लमजुङमा करेन्ट लगाएर माछा मार्ने क्रममा एक युवाको मृत्यु भएको छ ।

दोर्दी गाउँपालिकास्थित किसेदि खोलामा करेन्ट लगाएर माछा मार्ने क्रममा करेन्ट लागेर सोही गाउँपालिका-४ जितौरेका २६ वर्षीय विकास गुरुङको मृत्यु भएको लमजुङ प्रहरीले जनाएको छ । स्थानीयका अनुसार गुरुङ शनिबार राति साथीसहित किसेदि खोलामा माछा मार्न गएका थिए । सोही ठाउँका बिनबहादुर गुरुङको धन्सारबाट बिजुलीको तार जोडी खोलामा माछा मार्ने क्रममा करेन्ट लागेर उहाँको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय लमजुङका सूचना अधिकारी प्रहरी निरीक्षक थानेश्वर चापाइले बताउनुभयो । प्रहरी चौकी श्रीमञ्ज्याङका प्रहरी सहायक निरीक्षक हरिराम बोहोराले मृत्यु भएको खबर पाएलगत्तै प्रहरी टोली घट्नास्थल पुगेको थियो । लमजुङ अस्पताल बेँसीशहरमा शव परीक्षणपछि परिवारको जिम्मा लगाइसकिको प्रहरीले जनाएको छ ।

# वडा नं १० मा रेडक्रसको बिपत ब्यवस्थापन अभिमुखीकरण कार्यक्रम

**पोखरापत्र संवाददाता**
पोखरा, ६ जेठ



नेपाल रेडक्रस सोसाइटी पोखरा १० उपशाखाको आयोजनामा वडा भित्र रहेका टोल विकास सस्था, आमा समुह र अन्य संघसंस्थाको उल्लेखनीय उपस्थितिमा उपशाखा १० को सभाहलमा आकस्मिक भैपरी आउने बिपत ब्यबस्थापन सम्बन्धी १ दिने अभिमुखी कार्यक्रम सम्पन्न गरेको छ ।

उक्त तालिम वडा नं १० र नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा कास्की बिपत ब्यबस्थापन समितिको बिषेश सहयोगमा संचालित १ दिने बिपत ब्यबस्थापन अमिमुखी कार्यक्रम मा वडा नं १० का वडा अध्यक्ष राजेश गुरुङ (राजु सर) को प्रमुख अतिथिमा ब्यानरमा हस्ताक्षर गरि कार्यक्रमको उद्घाटन गर्नुहुदै रेडक्रस जस्तो पवित्र र मानवीय सेवामा सधै खटिने यस वडा संगै रहेको उपशाखाले वडा भित्र रहेका टोल टोल र घर घरमा पर्न सक्ने बिपत सम्बन्धित तालिमको आयोजना गरेर घर घरमा हुनसक्ने बिपत न्यूनिकरण गर्न मद्दत गर्ने कार्यक्रम गरेको बताउनु हुँदै कार्यक्रमको सफलताको शुभकामना दिनुहुँदै आफु र वडा नं १० यस्ता कार्यक्रमको सधै सहयोग गर्न तयार रहेको बताउनु भयो । उक्त कार्यक्रममा वडा नं १० का वडा सदस्य परमेश्वर कार्की, वडा सदस्य पूर्णचन्द न्यौपाने को उपस्थित रहेको उक्त १ दिने आकस्मिक बिपत ब्यवस्थापन अभिमुखी कार्यक्रम वडा भित्र रहेका आमा समूह, टोल विकास सस्था लगायत ७५ जनाको उपस्थितमा संचालन गरिएको थियो ।

बिपत अभिमुखी कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी कास्की शाखाका बिपत ब्यवस्थापन उप समितिका प्रशिक्षक ई. सागर गौतम, दिपकनाथ पौडेल र सुनिता भण्डारीले सबैलाई सहज बुझ्ने भाषामा प्रशिक्षण दिनुहुदै बिपत अचानक आकस्मिक आउने हुनाले पहिले नै सतर्कता अपनाउनु पर्ने बताउनु हुदै जस्तै गाडी चलाउने चालक, नयाँ घर बनाउदा अपनाउनु पर्ने सावधान, पैदल यात्रुले बाटो काट्दा अपनाउनुपर्ने र आ-आफ्नो स्वास्थ्य सम्बन्धी पूर्व नै सहजकता हुनु जस्ता बिपत का बिषयमा प्रशिक्षण दिनुभएको थियो । कार्यक्रममा जिल्ला रेडक्रस कास्कीका बिपत ब्यबस्थापन समितिका प्रशिक्षक सुनिता पौडेलले हरेकको घरघरको भित्र हुन सक्ने आगलागी र घरमा हुनसक्ने बिपतका बारेमा जानकारी गराउनु हुदै आगलागी भएमा अपनाउनु पर्ने बिषयमा सबैले बुझ्ने तरिकाबाट प्रशिक्षण दिनुभएको थियो । उक्त प्रशिक्षण कार्यक्रममा दिपकनाथ भण्डारीले आफ्नो मन्तव्य राखेका थिए भने उपशाखा १० का उपसभापती पबित्रा देबी गुरुङ्गले उपस्थित सबैलाई स्वागत गर्नु भएको थियो । कार्यक्रममा उपशाखाका सदस्य निर्मला श्रेष्ठले रेडक्रसका सात सिद्धान्त बाचन गर्नु भएको थियो । नेपाल रेडक्रस सोसाइटी पोखरा १० उपशाखाका सभापति जीवन श्रेष्ठको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रमको सचिव बिन प्रसाद गुरुङले संचालन गर्नुभएको थियो ।


# विमा लेख हरायो

**लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेडवाट जारि गरिएको निम्न लिखित बीमालेख लेखनाथबाट पोखरा जादा हराएको हुँदा फेला पार्नुहुने महानुभावहरुले निम्नलिखित ठेगानामा सम्पर्क गर्न अनुरोध गर्दछु ।**

**नामः सरिता रानाभाट**

**विमा लेख नं. १३००४८६४२**

**सम्पर्क नं.: ९८५६०-२२८२४**

**सम्पर्क :**
**लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड**
**पोखरा शाखा**

# अचल सम्पत्ति (जग्गा) बिक्री गर्ने बारे ३५ दिने सार्वजनिक सूचना

प्रथम पटक सूचना प्रकाशित मिति : २०८१/०२/०७, पोखरापत्र राष्ट्रिय दैनिक

यस बाराही बचत तथा ऋण सहकारी संस्था लिमिटेड पोखरा-१७, कास्कीको स्वामित्वमा रहेको जग्गा कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं.-१७ छोरेपाटन स्थित, नक्सा सिट नं. ०९३०९९८२१ मा कित्ता नं. २२९ र क्षेत्रफल १६१.५० वर्ग मिटर रहेको जग्गा बिक्री गर्न यस संस्थाले सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, गण्डकी प्रदेश सहकारी ऐन २०७५ तथा नियमावली २०७६ र यस संस्थाको विनियम तथा नियमावली २०५६ ले दिएको अधिकार प्रयोग गरी जग्गा (अचल सम्पति) गोप्य शिलबन्दी प्रक्रिया मार्फत बिक्री गर्ने निर्णय भै आएको हुँदा उक्त जग्गा खरिद गर्न इच्छुक व्यक्ति तथा संस्थाहरुमा तपशिलमा उल्लेखित शर्त बन्देजहरुको परिधिमा रही गोप्य शिलबन्दीको लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

**गोप्य शिलबन्दी बोलपत्रका आवश्यक शर्तहरु :**

१. संस्थाको कार्यालयबाट बोलपत्र फारम रु १,०००/- (अक्षेरुपी रु. एक हजार रुपैयाँ मात्र ।) फिर्ता नहुने गरी बुझाई कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ ।
२. जग्गाको न्यूनतम मूल्य रु. ४८,५०,०००।- (अक्षरुपी अठ्चालिस लाख पचास हजार मात्र ।) कायम गरिएको छ ।
३. इच्छुक खरिदकर्ताले खरिद गर्न चाहेको जग्गा जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा खरिद गर्नुपर्नेछ । विक्री हुने जग्गा र अन्य कुरा बुझ्न हेर्न वा स्थलगत निरिक्षण गर्न चाहनु हुने महानुभावहरुले यस संस्थामा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नुहुनेछ ।
४. बोलपत्र बुझाउने अन्तिम दिन/खोल्ने दिन संस्था बिदा परेमा बिदाको लगत्तै संस्था खुलेको दिनमा बोलपत्र बुझाउन/खोल्न सकिनेछ । सो तोकिए अनुसारको दिन बिदा परेमा त्यसपछिको लगत्तै संस्था खुलेको दिन दिउँसो ठिक २:०० बजेदेखि बोलपत्र खोलिनेछ ।
५. बोलपत्रमा आफूले सकार गरिलिन चाहेको अचल सम्पत्तिको विवरण खुलाई के कति रकम सकार गरी लिन चाहेको हो अंक तथा अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनुपर्नेछ।सकारमूल्यको१०%(दशप्रतिशत)ले हुन आउने रकम यस संस्थाको नाममा सञ्चालनमा रहेको गरिमा विकास बैंक पोखरा-१७,बिरौटा शाखाको खाता नं. ००८००१००६६०६१५००००००२ मा नगद दाखिला गरी सोको भौचर शिलबन्दी बोलपत्रका साथ पेश गरेको हुनुपर्नेछ ।
६. सबैभन्दा बढी रकम कबोल गर्ने बोलपत्रदाताको बोलपत्र स्वीकृत गरिनेछ । संस्थाको नियम अनुसार स्वीकृत भएको मितिले १५ दिनभित्र बाँकी सम्पूर्ण रकम संस्थामा बुझाई सम्बन्धित जग्गा आफ्नो नाममा नामसारी गर्ने प्रकृया सम्पन्न गर्नुपर्नेछ । यदि बाँकी रकम तोकिएको समयमा नबुझाएमा धरौटी वापत रहेको १०% (दश प्रतिशत) रकम स्वतः जफत हुनेछ ।
७. म्याद नाघि वा रित नपुगी आएको तथा शर्त भएको शिलबन्दी बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
८. कुनै पनि अवस्थामा जग्गा बिक्री प्रकृया रद्द गर्ने वा बोलपत्र स्वीकृत गर्ने नगर्ने सम्बन्धित सम्पूर्ण अधिकार यसै संस्थामा सुरक्षित रहेको छ ।
९. उक्त जग्गाको स्वामित्व हस्तान्तरण गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, रजिष्ट्रेशन दस्तुर, सम्पत्ति कर, स्थानीय कर, लाभ कर र धारा/बिजुली शुल्क (बाँकी बक्यौता समेत) सम्पूर्ण दायित्व आदि जग्गा सकार गर्ने व्यक्ति वा संस्थाले तिर्नुपर्नेछ ।
१०. उल्लेखित सम्पत्ति लिइ सकेपछि सोको सम्पूर्ण जवाफ देही स्वयम् खरिदकर्ताको हुनेछ । धनी संस्थासँग पछि कुनै कैफियत देखाउन वा दावी गर्न पाइने छैन ।
११ लिलाम बोलकबोल गरेको रकम वा धरौटी वापत बुझाएको रकममा कुनै व्याज प्रदान गरिने छैन । साथै लिलाम सदर बदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता माग गर्न पाइने छैन ।
१२. शिलबन्दी बोलपत्र यस संस्थाले उपलब्ध गराए बमोजिमको तोकिदिएको ढाँचामा पेश गर्नुपर्नेछ । साथै बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ ।
१३. यस सूचना प्रकाशित भएको ३६ औं दिनमा दिनको ठीक २:०० बजे बाराही बचत तथा ऋण सहकारी संस्था लि. पोखरा-१७, बिरौटा, कास्कीको कार्यालयमा बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा बोलपत्र खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितिमा बोलपत्र खोल्न कुनै बाधा पर्नेछैन ।

| बोलपत्र पेश गर्ने अन्तिम दिन | बोलपत्र खोल्ने दिन |
|---|---|
| मितिः २०८१/०३/०९ गते<br>स्थानः बाराही बचत तथा ऋण सहकारी संस्था लि.<br>समयः विहान १०:०० बजेदेखि दिउँसो ०४:३० बजेसम्म | मितिः २०८१/०३/१० गते<br>स्थानः बाराही बचत तथा ऋण सहकारी संस्था लि.<br>समयः दिउँसो २:०० बजेदेखि |

**बाराही बचत तथा ऋण सहकारी संस्था लिमिटेड**

**पोखरा-१७, कास्की, फोन नं. : ०६१-४५३१८७**

# पोउवा संघमा इलामका व्यवसायीहरु

पोखरापत्र संवाददाता
पोखरा, ६ जेठ



पोखरा र इलाम उद्योग वाणिज्य संघबीच व्यवसाय प्रवर्द्धन र उत्पादित बस्तुहरुको बजारीकरणका निम्ति सहकार्य गर्ने सहमति जुटेको छ।

घरेलु तथा साना उद्योग कार्यालय इलामको अगुवाइमा अध्ययनका निम्ति पोखरा आइपुगेकोउद्योगी/व्यवसायीहरुसँगको अन्तरर्क्रिया कार्यक्रममा सो सहमति जुटेको हो। कार्यक्रममा बोल्दै पोखरा उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष तथा कार्यवाहक अध्यक्ष गोकर्ण कार्कीले इलाममा उत्पादित बस्तुहरुको पोखराको बजारमा खपत हुने सम्भावना बढी नै रहेको बताए। पर्यटकीय क्षेत्रको पहिचान बनाएको इलाम र पोखराबीच पर्यटन प्रवर्द्धनमा पनि सहकार्य हुनसक्ने उनको भनाइ थियो।

घरेलु तथा साना उद्योग कार्यालय इलामका प्रमुख इलाम उत्पादकत्व बढी भएको जिल्ला भएको र त्यहाँ उत्पादित दुग्धजन्य परिकार र चियाको पोखरा राम्रो बजार हुनसक्ने बताए। पोखरा उद्योग वाणिज्य संघका निवर्तमान अध्यक्ष नारायण कोइरालाले इलामले पछिल्लो समय पर्यटन उद्योगमा गरेको लगानी र प्रवर्द्धन सह्रानीय भएको बताए।

घरेलु तथा साना उद्योग महासंघ इलामका अध्यक्ष दीनेश श्रेष्ठले उद्योगी/व्यवसायीहरुलाई राज्यबाटै यो वा त्यो बहानामा दुःख दिइएको गुनासो गरे। पोखरा उद्योग वाणिज्य संघका उद्योगतर्फका उपाध्यक्ष देवेन्द्र केसीको धन्यवाद तथा महासचिव बलराम आचार्यको संचालन रहेका `कार्यक्रममा बोल्दै इलामका महासचिव हेमन्त गौतमले निजी क्षेत्रबीचको सहकार्य बढाउन राज्यले प्रोत्साहन गर्नुपर्ने धारणा राखे।

# भूमि आयोगद्वारा तनहुँमा १३ हजार कित्ता जग्गाको नापनक्सा

पोखरापत्र संवाददाता
दमौली, ६ जेठ

राष्ट्रिय भूमिआयोग तनहुँले जिल्लाका दुई हजार २५ हेक्टर क्षेत्रफल जग्गाको नापनक्सा गरेको छ।

आयोगले भूमिहिन दलित, भूमिहीन सुकुम्बासीलाई लालपुर्जा प्रदान गर्न र अव्यवस्थित बसोबासीलाई व्यवस्थित गर्ने उद्देश्यले नापनक्सा गरेको हो।

आयोग स्थापना भएदेखि हालसम्म १३ हजार आठ सय ११ कित्ताको नापनक्सा गरेको नापी कार्यालय तनहुँका प्रमुख विजयकुमार सिंहले जानकारी दिनुभयो। सिंहका अनुसार एक सय ७९ भूमिहीन दलित, पाँच सय ३४ भूमिहीन सुकुम्बासी र १० हजार छ सय सात अव्यवस्थित बसोबासीको नापनक्शा सकिएको छ। उहाँका अनुसार आँबुखैरेनीमा दुई सय २८, देवघाट गाउँपालिकामा पाँच सय ४९, बन्दीपुर गाउँपालिकामा पाँच सय ३४, भानु नगरपालिकामा एक सय ५६, शुक्लागण्डकी नगरपालिकामा एक सय ८३ र व्यास नगरपालिकामा तीन सय ७५ हेक्टर क्षेत्रफलमा नापनक्शा भएको छ। यस विषयमा स्थानीय तहलाई बढी अधिकार दिइएकाले स्थानीय तह सक्रिय हुनुपर्ने आयोगका अध्यक्ष रामचन्द्र अधिकारीले बताउनुभयो। उहाँले आँबुखैरेनी गाउँपालिकाका १२ जनालाई लालपुर्जा नै वितरण गरिसकेको जानकारी दिनुभयो। आयोगको कार्यालयमा कूल २६ हजार दुई सय आठ भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीले निवेदन दिएका छन्।

त्यसमध्ये दलित सुकुम्बासी एक हजार एक सय ११, भूमिहीन सुकुम्बासी एक हजार आठ सय ७२ र अव्यवस्थित बसोबासी २३ हजार दुई सय २५ रहेका छन्। आयोगका अनुसार आँबुखैरेनीमा नापनक्शा गरी पुर्जा वितरण भइरहेको छ। व्यास नगरपालिका, भानु नगरपालिका, शुक्लागण्डकीमा नाप नक्शा भइरहेको र भिमाद नगरपालिकामा डाटा प्रविष्टि भइरहेको छ। बन्दीपुर गाउँपालिकामा नापनक्शा भइरहेको, म्याग्दे गाउँपालिकामा निस्सा वितरण भएको छ भने ऋषिङ र घिरिङमा काममा ढिलाइ भएको छ। त्यस्तै देवघाट गाउँपालिकामा नाप नक्शा गरी पुर्जा वितरणका तयारी भइरहेको आयोगले जनाएको छ। आयोगका अनुसार आँबुखैरेनीमा आठ सय ९३, व्यास नगरपालिकामा सात हजार ४३, भानु नगरपालिकामा तीन हजार तीन सय १७ र शुक्लागण्डकी नगरपालिकामा चार हजार चार सय तीन भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको निवेदन परेको थियो। त्यसैगरी भिमाद नगरपालिकामा एक हजार आठ सय ६१, बन्दीपुर गाउँपालिकामा दुई हजार ३०, म्याग्दे गाउँपालिकामा एक हजार दुई सय ६७, ऋषिङ गाउँपालिकामा एक हजार चार सय ३९, घिरिङ गाउँपालिकामा एक हजार पाँच सय २० र देवघाट गाउँपालिकामा दुई हजार चार सय ३५ जनाको निवेदन दर्ता भएको थियो। विगतमा आयोगले लालपुर्जा वितरण गरेपनि उनीहरुको तथ्याङ्क मालपोत र नापी कार्यालयमा नभएकाले आयोगले सहजीकरण सुरु गरेको छ।

# पोखरा महानगर बक्सिङ संघमा कार्की

पोखरापत्र संवाददाता
पोखरा, ६ जेठ

पोखरा महानगरपालिका बक्सिङ संघको अध्यक्षमा सन्तोष कार्की चयन भएका छन्। आइतबार पोखरामा सम्पन्न एक भेलाले ३ वर्षे कार्यकालकालागि कार्कीको अध्यक्षतामा ७ सदस्यीय समिति गठन गरेको हो।

समितिको उपाध्यक्षमा दीलिप दोषी, सचिवमा बुद्ध गुभाजु, कोषाध्यक्षमा विष्णु कायस्थ चयन भएको सचिव गुभाजुले जानकारी दिए। यस्तै सदस्यहरुमा सोनी बरुवाल, महत्तम श्रेष्ठ र शशी पौडेल छन्। आजै बसेको संघको पहिलो बैठकले ५ सदस्यीय सल्लाहकार समितिपनि चयन गरेको छ। जसमा रमेश थापा, कास्की जिल्ला बक्सिङ संघ, गण्डकी प्रदेश बक्सिङ संघ, नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीका अध्यक्ष र नेपाल बक्सिङ संघ महासंघका कार्यसमिति सदस्य राजेन्द्र पहारीलाई चयन गरेको सचिव गुभाजुले जानकारी दिए। यस्तै संघले पोखराका विभिन्न सामुदायिक विद्यालयहरुमा बक्सिङ खेलको बारेमा जानकारीसँगै प्रशिक्षणका कार्यक्रमहरु सञ्चालन गरिने उनले बताए। यसअघि कार्यक्रमको पोखरा महानगरपालिका खेलकुद विकास समितिका अध्यक्ष दीपकबहादुर गोदारले उद्घाटन गरेको थिए। उनले बक्सिङ खेलको विस्तार तथा पर्वद्धनमा लाग्न संघलाई आग्रह गरे। यसका लागि महानगर खेलकुद विकास समितिबाट सहयोग रहने प्रतिवद्धतासमेत व्यक्त गरे। अध्यक्ष कार्कीको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन सचिव बुद्ध गुभाजुले गरेका थिए।


## मालपोत कार्यालय लेखनाथ कास्कीबाट जारी गरिएको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

कास्की जिल्ला मादी गाउँपालिका वडा नं ८ निवासी लाल बहादुर सार्कीको द.नं ४४२६ मिति २०८/१०/२८ गतेको नाम संसो धन माग निवेदनमा निजका नाममा दर्ता कायम का कि.नं. ६८४ क्षे.फ. ०-३-२-०, कि.नं. ४८४ क्षे.फ. ०-१-३-२ र कि.नं. ४९१ क्षे.फ. ०-१४-१-१ जग्गाको ज.ध. श्रेस्ता तथा पुर्जामा निजको नाम राम बहादुर सार्की भएकाले नागरिकता बमोजिम नाम संसो धन गरी लाल बहादुर सार्की कायम गरी नागरिकता नम्बर, जारी मिति कायम गरी फोटोटाँसका लागि निवेदन प्राप्त भएकाले उक्त माग बमोजिम संसोधन गर्न नपर्ने कुनै कारण भएमा वा उक्त जग्गामा निवेदक बाहेक अन्य कसैको हकदावी भएमा यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र प्रमाण सहित हकदावी गर्न आउनुहोला। अन्यथा कानुन बमोजिम नाम संसोधन भई जाने व्यहोरा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

इति संवत २०८० साल फागुन ११ गते रोज ६ शुभम।
ने.सं ११४४ सिल्लाथ्व १४, शुक्रबार



## तपशिल बमोजिमका ऋणी सदस्यहरूलाई ऋण चुक्ता गर्न आउने बारे १५ दिने सूचना

**(दोस्रो पटक प्रकाशित मिति २०८१/०२/०७)**

यस संस्थाबाट तपशिलमा उल्लेखित सदस्यहरुले अचल सम्पत्ति धितो सुरक्षण राखी ऋण लिनु भएकोमा उक्त ऋण रकमको नियमित रुपमा संस्थालाई तिर्नु बुझाउनुपर्ने साँवा, व्याज एवं हर्जाना व्याज समय भित्र नतिरी, नबुझाई यस संस्थासँग गर्नुभएको सम्झौता उल्लङ्घन गरी बस्नु भएको र पटक-पटक मौखिक, लिखित तथा मिति २०८१/०१/०३ गते पोखरापत्र राष्ट्रिय दैनिक पत्रिका मार्फत ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरि जानकारी गराउदा समेत ऋण चुक्ता गर्न कुनै चासो नदेखाई आलटाल गरी आफुले बुझाउनुपर्ने रकम बुझाउन कुनै पहल गरेको नपाईएको हुदाँ यो सूचना प्रकाशित गरीएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस संस्थालाई बुझाउनु पर्ने सम्पूर्ण साँवा, व्याज, हर्जाना व्याज तथा अन्य दै-दस्तुर रकम बुझाउनु होला। अन्यथा तपाई ऋणी तथा जमानत बस्ने सदस्यहरुले यस संस्थालाई ऋण सुरक्षण बापत लेखी लेखाई दिएको श्रीसम्पत्ति सहकारी ऐन, नियमावली, संस्थाको विनियम तथा संस्थाको ऋण नीति बमोजिम ३५ दिने लिलाम बिक्रीको सूचना प्रकाशित गरी लिलाम बिक्री गरी संस्थाको लेना रकम असुल उपर गर्ने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराईन्छ।

**तपशिलः**

| क.स. | ऋणी सदस्य एवं धन जमानतको नाम थर | धितो विवरण |
|---|---|---|
| १ | ● बखत नारायण श्रेष्ठको बुहारी शंकरनारायण श्रेष्ठको श्रीमती तनहुँ जिल्ला ब्यास न.पा वडा नं.- १० बस्ने<br>**ऋणी : सरिता कुमारी श्रेष्ठ**<br>● बिष्णु नारायण श्रेष्ठको बुहारी बखत नारायण श्रेष्ठको श्रीमती तनहुँ जिल्ला ब्यास न.पा वडा नं.- १० बस्ने<br>**धनजमानत : बाल कुमारी श्रेष्ठ**<br>● बिष्णु नारायण श्रेष्ठको नाती बखतनारायण श्रेष्ठको छोरा तनहुँ जिल्ला ब्यास न.पा वडा नं.- १० बस्ने<br>**धनजमानत : शंकरनारायण श्रेष्ठ** | **सरिता कुमारी श्रेष्ठ**को नाममा मालपोत कार्यालय तनहुँमा दर्ता श्रेस्ता कायम रहेको कलुर्ङ गा.वि.स. वडा नं. ६ क कित्ता नं. १२८९ को क्षेत्रफल ०-४-०-० र फराकचौर गा.वि.स.वडा नं.९/ञ को कित्ता नं.२४६५को क्षेत्रफल ०-१-२-० को जग्गा<br>**बालकुमारी श्रेष्ठ**को नाममा मालपोत कार्यालय तनहुँमा दर्ता श्रेस्ता कायम रहेको फराकचौर गा.वि.स. वडा नं. ९/ञ को कित्ता नं.२४७४ को क्षेत्रफल ०-४-१-० को जग्गा |
| २ | ● धन नारायण श्रेष्ठको बुहारी पदम नारायण श्रेष्ठको श्रीमती काभ्रेपलाञ्चोक जिल्ला रयाले गा.बि.स. वडा नं.- ०५ घर भई हाल पोखरा म.न.पा. वडा नं. १८ बस्ने<br>**ऋणी : निरु श्रेष्ठ**<br>● रत्नलाल श्रेष्ठको नाति धन नारायण श्रेष्ठको छोरा काभ्रेपलाञ्चोक जिल्ला रयाले गा.बि.स. वडा नं.- ०५ घर भई हाल पोखरा म.न.पा. वडा नं. १८ बस्ने<br>**धन जमानत : पदम नारायण श्रेष्ठ**<br>पुरुषोत्तम उपाध्यायको नाति पदमप्रसाद उपाध्यायको छोरा स्याङजा जिल्ला चिलाउने गा.बि.स. वडा नं. ३ घर भई हाल पोखरा म.न.पा. वडा नं. ८ बस्ने<br>**धन जमानत : हरिहर सापकोटा** | **निरु श्रेष्ठ**को नाममा मालपोत कार्यालय कास्कीमा दर्ता श्रेस्ता कायम रहेको ग्यारजाती गा.बि.स.५ सिट नं.०९३०८७७ को कित्ता नं १४५५ को क्षेत्रफल ०-१४-०-० को जग्गा |
| ३ | ● मक्कर बहादुर के.सी.को बुहारी भरत के.सी.को श्रीमति कास्की जिल्ला पोखरा म.न.पा.वडा नं. १० घर भई हाल पोखरा म.न.पा. वडा नं. १० बस्ने<br>**ऋणी : गिता के.सी.**<br>● हर्क बहादुर के.सी.को नाति मक्कर बहादुर के.सी.को छोरा कास्की जिल्ला पोखरा म.न.पा.वडा नं. १० घर भई हाल पोखरा म.न.पा. वडा नं. १० बस्ने<br>**धनजमानत : भरत के.सी.** | **गिता के.सी.**को नाममा मालपोत कार्यालय लेखनाथ कास्कीमा दर्ता श्रेस्ता कायम रहेको शिशुवा गा.वि.स. वडा नं. १ सिट नं.०९४११२६०३ को कित्ता नं. ९१९४ को क्षेत्रफल ०-५-१-० को जग्गा<br>**भरत के.सी.**को नाममा मालपोत कार्यालय लेखनाथ कास्कीमा दर्ता श्रेस्ता कायम रहेको रुपाकोट गा.वि.स. वडा नं. १ सिट नं.०९४१२०९०० को कित्ता नं. ८२७ को क्षेत्रफल ३-३-०-२ को जग्गा |
| ४ | ● हस्त बहादुर दुराको बुहारी नर बहादुर दुराको श्रीमती तनहुँ जिल्ला घाँसीकुवा गा.बि.स. वडां नं ६ घर भई हाल पोखरा म.न.पा. वडां नं ११ बस्ने<br>**ऋणी : टिका दुरा**<br>● मन बहादुर दुराको नाति हस्त बहादुर दुराको छोरा तनहुँ जिल्ला घाँसीकुवा गा.बि.स. वडां नं ६ घर भई हाल पोखरा म.न.पा. वडां नं ११ बस्ने<br>धन जमानत : नर बहादुर दुरा<br>● विल बहादुर गुरुङको बुहारी दिलीप गुरुङको श्रीमती तनहुँ जिल्ला फिरफिरे गा.बि.स.वडा नं. १ घर भई हाल तनहुँ जिल्ला शुक्लागण्डकी न.पा वडा नं. १२ बस्ने<br>**धनजमानत : सोम कुमारी गुरुङ** | **टिका दुरा**को नाममा मालपोत कार्यालय कार्यालय तनहुँमा दर्ता श्रेस्ता कायम रहेको फराकचौर गा.बि.स.वडां नं ३ सिट नं. ३च को कित्ता नं ३८१ को क्षेत्रफल २-०-०-० को जग्गा |
| ५ | ● बर्से घर्तिको नाती इन्द्र बहादुर घर्तीको छोरा कास्की जिल्ला पोखरा म.न.पा वडा नं. ३३ बस्ने<br>**ऋणी : टेक बहादुर घर्ती**<br>● इन्द्र बहादुर घर्तिको नाती टेक बहादुर घर्तिको छोरा कास्की जिल्ला पोखरा म.न.पा वडा नं. ३३ बस्ने<br>**धनजमानत : लाल बहादुर घर्ती**<br>● इन्द्र बहादुर घर्तीको नाती टेक बहादुर घर्तिको छोरा कास्की जिल्ला पोखरा म.न.पा वडा नं. ३३ बस्ने<br>**धनजमानत : बुद्दि बहादुर भुजेल**<br>● टेक बहादुर घर्तिको बुहारी लाल बहादुर घर्तिको श्रीमती कास्की जिल्ला पोखरा म.न.पा वडा नं. ३३ बस्ने<br>**धनजमानत : चन्द्रा घर्ती**<br>● टेक बहादुर घर्तीको बुहारी बुद्दि बहादुर भुजेलको श्रीमती कास्की जिल्ला पोखरा म.न.पा वडा नं. ३३ बस्ने<br>**धनजमानत : पुनम भुजेल** | **टेक बहादुर घर्ती**को नाममा मालपोत कार्यालय कास्कीमा दर्ता श्रेस्ता कायम रहेको कास्की जिल्ला भरतपोखरी गा.वि.स. वडा नं. २ सिट नं.०९४१२८३ को कित्ता नं. ४५९,४४३,४५१,४३६,४४८,४५६,२५५,४३९ को क्षेत्रफल ०-८-३-३,०-८-२-२,०-१-३-२,१-१-२-१,०-४-१-०,०-५-२-१,०-१-०-२,१-६-०-२ को जग्गा |
| ६ | ● रमानाथ सापकोटाको नाती कुलप्रसाद सापकोटाको छोरा तनहुँ जिल्ला शुक्लागण्डकी न.पा वडा नं. ०२ बस्ने<br>**ऋणी : उमाकान्त सापकोटा**<br>● कुलप्रसाद सापकोटाको बुहारी उमाकान्त सापकोटाको श्रीमती तनहुँ जिल्ला शुक्लागण्डकी न.पा वडा नं.०२ बस्ने<br>**धनजमानत : केशरी सापकोटा**<br>● कुलप्रसाद सापकोटाको नाती उमाकान्त सापकोटाको छोरा तनहुँ जिल्ला शुक्लागण्डकी न.पा वडा नं.०२ बस्ने<br>**धनजमानत : सरन सापकोटा**<br>● उमाकान्त सापकोटाको बुहारी सरन सापकोटाको श्रीमती तनहुँ जिल्ला शुक्लागण्डकी न.पा वडा नं.०२ बस्ने<br>**धनजमानत : सीता सापकोटा** | **उमाकान्त सापकोटा**को नाममा मालपोत कार्यालय तनहुँमा दर्ता श्रेस्ता कायम रहेको उदेनढुङा गा.वि.स.वडा नं.२/छ कित्ता नं. ८० सिट नं. २/छ को क्षेत्रफल ३-६-०-१, उदेनढुङा गा.वि.स.वडा नं.१/ङ कित्ता नं. १६२,४८० सिट नं. १/ङ को क्षेत्रफल ०-८-०-२,<br>०-८-०-० को जग्गा |
| ७ | ● नरनाथ कमर जोगीको बुहारी बालहरी कमर जोगीको श्रीमती कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. ३० घर भै हाल पोखरा म.न.पा. वडा नं. ३० बस्ने<br>**ऋणी : जानकी कमर जोगी**<br>● नरनाथ कमर जोगीको नाती बालहरी कमर जोगीको छोरा कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. ३० घर भै हाल पोखरा म.न.पा. वडा नं. ३० बस्ने<br>**धनजमानत : जीवन हरी कमर जोगी** | **जानकी कमर जोगी** को नाममा मालपोत कार्यालय लेखनाथ कास्कीमा दर्ता श्रेस्ता कायम रहेको शिशुवा गा.बि.स. वडा नं. ९ सिट नं. ०९४११२७४ को कित्ता नं. ६०९६ को क्षेत्रफल ०-७-३-३ को जग्गा |

**नोट : यस संस्थाबाट ऋण लिई ऋणको किस्ता नियमित नगर्ने अन्य सदस्यहरुलाई समेत यसै सूचनाद्धारा ऋण नियमित गर्नुहुन जानकारी गरिन्छ। अन्यथा यसै अनुसार कानुनी प्रक्रिया मार्फत लेना रकम असुल उपर गर्न संस्था बाध्य हुनेछ।**

पोखरा रोयल बचत तथा ऋण सहकारी संस्था लिमिटेड
ROYAL
Pokhara Royal Saving & Credit Co-operative Society Limited
Head Office: Pokhara-10, Buddhachowk, Kaski, Nepal | ☎: 061-538833, 537833, 520833, 520933
E-mail: info@royalcooperative.com Website: www.royalcooperative.com